काबेली हाइड्रोपावर कम्पनी लिमिटेड

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर, काठमाडौँ
फोनः ०१-४४४२७८२ ईमेल : kabeli.hydro5@gmail.com
को

पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०५/०६ गते)

श्री आदरणीय शेयरधनीमहानुभावहरु,

यस काबेली हाइड्रोपावर कम्पनी लिमिटेडको मिति २०८३/०५/०३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको पाँचौ वार्षिक साधारण सभा तपसिल बमोजिमको मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनी नियमावलीको नियम १८ को उपनियम (३) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थानः

सभा हुने मिति : २०८३ साल भाद्र २७ गते शनिबार (तदनुसार सेप्टेम्बर १२, २०२६) ।
सभा शुरु हुने समय : बिहान १०:०० बजे ।
सभा हुने स्थान : द एभरेष्ट होटल, नयाँ बानेश्वर, काठमाडौं ।

छलफलका विषयहरुः

क) साधारण प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०८२/८३ को वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८३/८४ को लागि बाह्य लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालक समिति बैठकमा उपस्थित सदस्यहरुको बैठक भत्ता परिमार्जन गर्ने ।
५. सञ्चालक समिति बैठकको सिफारिश बमोजिम आ.व. २०८२/८३ को मुनाफाबाट चुक्ता पूँजीको कर सहित १६.३१५८% (सोह्र दशमलव तीन एक पाँच आठ प्रतिशत) नगद लाभांश वितरण गर्ने ।
६. सञ्चालक समितिको मिति २०८२/११/१० को बैठकको निर्णय बमोजिम एनएमबी बैंक लिमिटेडबाट Loan Against IPO स्वीकार गर्ने सम्बन्धी निर्णय अनुमोदन गर्ने ।
७. कम्पनीले अन्य कम्पनी जलविद्युत आयोजना/कम्पनीमा शेयर लगानी गर्नको लागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने
८. सञ्चालक समितिको मिति २०८३/०२/२५ को बैठकको निर्णय बमोजिम ओभर ड्राफ्ट खाता नवीकरण गर्ने सम्बन्धी गरेको निर्णय अनुमोदन गर्ने ।

ख) विविध ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

साधारण सभा सम्बन्धी अन्य जानकारीहरु :

१. प्रतिनिधि (प्रोक्सी) मार्फत साधारण सभामा भाग लिन चाहने शेयरधनीहरुले कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रिय कार्यालयमा कम्पनीले तोकेको प्रोक्सी फाराम भरेर पेश गरिसक्नु पर्नेछ । एक भन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फाराम रद्द गरिनेछ ।
२. मिति २०८३/०५/१९ गते देखि साधारण सभा नभईञ्जेलसम्म शेयर दाखिल खारेज बन्द गरिनेछ ।
३. छलफलका विषयसूची मध्ये विविध शिर्षक अन्र्तगत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ ।
४. सभामा भाग लिन आउनु हुने महानुभावहरुले प्रवेश पत्र वा आफ्नो शेयर प्रमाणपत्र प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रवेश गर्न पाउन हुनेछ । कुनै महानुभावले कुनै कारणवश प्रवेश पत्र वा शेयर प्रमाणपत्र प्राप्त गर्न नसक्नु भएमा कम्पनीको केन्द्रिय कार्यालयमा सम्पर्क राखि साधारण सभा हुने मिति अगावै प्रवेश पत्र प्राप्त गर्नहुन अनुरोध गरिन्छ ।
५. अन्य जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा फोन नं. ०१-४४४२७८२ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।

काबेली हाइड्रोपावर कम्पनी लिमिटेड
(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर, काठमाडौँ
फोनः ०१-४४४२७८२ ईमेल : kabeli.hydro5@gmail.com
को
पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति २०८३/०५/०६ गते)
(दोश्रो पटक प्रकाशित मिति २०८३/०५/०७ गते)
श्री आदरणीय शेयरधनीमहानुभावहरु,

यस काबेली हाइड्रोपावर कम्पनी लिमिटेडको मिति २०८३/०५/०३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको पाँचौ वार्षिक साधारण सभा तपसिल बमोजिमको मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनी नियमावलीको नियम १८ को उपनियम (३) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थानः

सभा हुने मिति : २०८३ साल भाद्र २७ गते शनिबार (तदनुसार सेप्टेम्बर १२, २०२६) ।
सभा शुरु हुने समय : बिहान १०:०० बजे ।
सभा हुने स्थान : द एभरेष्ट होटल, नयाँ बानेश्वर, काठमाडौं ।

छलफलका विषयहरुः

क) साधारण प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०८२/८३ को वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८३/८४ को लागि बाह्य लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालक समिति बैठकमा उपस्थित सदस्यहरुको बैठक भत्ता परिमार्जन गर्ने ।
५. सञ्चालक समिति बैठकको सिफारिश बमोजिम आ.व. २०८२/८३ को मुनाफाबाट चुक्ता पूँजीको कर सहित १६.३१५८% (सोह्र दशमलव तीन एक पाँच आठ प्रतिशत) नगद लाभांश वितरण गर्ने ।
६. सञ्चालक समितिको मिति २०८२/११/१० को बैठकको निर्णय बमोजिम एनएमबी बैंक लिमिटेडबाट Loan Against IPO स्वीकार गर्ने सम्बन्धी निर्णय अनुमोदन गर्ने ।
७. कम्पनीले अन्य कम्पनी जलविद्युत आयोजना/कम्पनीमा शेयर लगानी गर्नको लागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने
८. सञ्चालक समितिको मिति २०८३/०२/२५ को बैठकको निर्णय बमोजिम ओभर ड्राफ्ट खाता नवीकरण गर्ने सम्बन्धी गरेको निर्णय अनुमोदन गर्ने ।

ख) विविध ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

साधारण सभा सम्बन्धी अन्य जानकारीहरु :

१. प्रतिनिधि (प्रोक्सी) मार्फत साधारण सभामा भाग लिन चाहने शेयरधनीहरुले कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रिय कार्यालयमा कम्पनीले तोकेको प्रोक्सी फाराम भरेर पेश गरिसक्नु पर्नेछ । एक भन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फाराम रद्द गरिनेछ ।
२. मिति २०८३/०५/१९ गते देखि साधारण सभा नभईञ्जेलसम्म शेयर दाखिल खारेज बन्द गरिनेछ ।
३. छलफलका विषयसूची मध्ये विविध शिर्षक अन्र्तगत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ ।
४. सभामा भाग लिन आउनु हुने महानुभावहरुले प्रवेश पत्र वा आफ्नो शेयर प्रमाणपत्र प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रवेश गर्न पाउन हुनेछ । कुनै महानुभावले कुनै कारणवश प्रवेश पत्र वा शेयर प्रमाणपत्र प्राप्त गर्न नसक्नु भएमा कम्पनीको केन्द्रिय कार्यालयमा सम्पर्क राखि साधारण सभा हुने मिति अगावै प्रवेश पत्र प्राप्त गर्नहुन अनुरोध गरिन्छ ।
५. अन्य जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा फोन नं. ०१-४४४२७८२ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।